प्रति इकाई अंकित मूल्य रु.१०/- दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी वापत कुल इकाईको १५ (पन्ध्र) प्रतिशत अर्थात १,५०,००,००० (एक करोड पचास लाख) इकाई मध्ये कोष प्रवर्द्धक रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडलाई कुल निष्काशनको १४ प्रतिशत अर्थात १,४०,००,००० (एक करोड चालीस लाख) इकाई तथा योजना व्यवस्थापक रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेडलाई १ प्रतिशत अर्थात १०,००,००० (दश लाख) इकाई सुरक्षित गरि बाँकी न्युनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीको लागि खुल्ला गरिएको।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: Reliable Life Insurance Ltd.

रिलायबल सामूहिक लगानी कोष
Reliable Mutual Fund
अन्तर्गत सञ्चालन हुने

योजना व्यवस्थापक तथा डिपोजिटरी: ReliableCapital Investment & Merchant Limited

रिलायबल समृद्धि योजना (Reliable Samriddhi Yojana)

(बन्दमुखी योजना)

आह्वान–पत्र

यो विवरण पुस्तिका नभई केवल आह्वान-पत्र मात्र हो ।

इकाई बिक्री खुल्ला हुने मिति	२०८२/०१/०३ गते
इकाई बिक्री बन्द हुने मिति (छिटोमा)	२०८२/०१/०७ गते (बैंकिङ्ग समय पश्चात्)
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा)	२०८२/०१/१७ गते (बैंकिङ्ग समय पश्चात्)
आवेदन दिनुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय)
आवेदन दिन सकिने अधिकतम इकाई संख्या	१,००,००,००० (एक करोड)

आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकमः प्रति इकाई अंकित मुल्य रु.१०/- का दरले शतप्रतिशत्

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०८१/११/१९ गते

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड कोष प्रवर्द्धक तथा रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड योजना व्यवस्थापक/डिपोजिटरीको रुपमा रही संचालन गर्न लागेको रिलायबल समृद्धि योजना नामक योजना प्रथम बन्दमुखी योजना हो । यस योजनामा संकलित अधिकांश रकम दोस्रो बजारमा सूचिकृत कम्पनीहरुको धितोपत्रमा लगानी गरिनेछ । उक्त योजनाको रकम भविष्यमा राम्रो प्रतिफल दिन सक्ने कम्पनीहरु छनौट गरी लगानी गरिनेछ । यस योजनाको प्रमुख विशेषता भनेको योजनाको रकम लगानी गर्दा अधिकतम ६० प्रतिशत रकम दोश्रो बजारमा सूचिकृत कम्पनीहरुमा, सार्वजनिक निष्काशन मार्फत निष्काशित धितोपत्र, हकप्रद शेयर, डिबेन्चर/बोण्ड/ट्रेजरी बिल आदिमा अधिकतम २० प्रतिशत र अधिकतम २० प्रतिशत रकम मुद्दती तथा कल निक्षेपहरुमा लगानी गर्ने हो । योजनाको रकम लगानी गर्दा भविष्यमा गर्न सक्ने प्रगतिलाई समेत राम्रो संग अध्ययन तथा अनुसन्धान गरेर मात्र लगानी सम्बन्धी निर्णय लिइन्छ ।

१.१	क	योजनाको नाम	रिलायबल समृद्धि योजना (Reliable Samriddhi Yojana)
	ख	योजनाको आकार	रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब) बीज पूँजी सहित
	ग	योजनाको प्रकार	बन्दमुखी (Close-end)
१.२	क	निष्काशन गर्न लागिएको इकाई संख्या	१०,००,००,००० (दश करोड) ।
	ख	प्रति इकाई अंकित मूल्य	रु.१०/- (अक्षरेपी दश)
	ग	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा १५ को उपदफा (३) बमोजिमको न्युनतम संख्या ५,००,००,००० (पाँच करोड) इकाई बिक्री नभएमा उक्त योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता भुक्तानी प्रकृया शुरु गरिनेछ ।
	घ	अधिकतम सकारिने इकाई संख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख) यस विवरण पुस्तिका मार्फत निष्काशन गरिने इकाई भन्दा बढी इकाईको माग हुन आएमा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा १५ को उपदफा ४ बमोजिम पच्चीस प्रतिशतसम्म थप गरि इकाई बाँडफाँड गर्न सकिनेछ ।
	ङ	योजनाको अवधि	१० वर्ष
	च	योजना परिपक्व हुने मिति/अवधि	योजनाको इकाई बाँडफाँड भएको मितिले १० वर्ष । उक्त अवधि पश्चात् योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम वितरण गरिनेछ ।
	छ	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तीनका शाखा कार्यालयहरु र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।
	ज	आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय) इकाई
	झ	आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई संख्या	१,००,००,००० (एक करोड) इकाई
	ञ	इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था	इकाई विक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिनेछ ।
	ट	सूचिकरण तथा दोस्रो बजार कारोवारको व्यवस्था	इकाई बाँडफाँड पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण गराई कारोवारको व्यवस्था गरिनेछ ।
१.३		खुलामुखी योजनाको हकमा इकाई बिक्री तथा पुर्नखरिद स्थान तथा कारोवार समय र इकाई बिक्री तथा पुर्नखरिद गर्दा लाग्ने प्रवेश तथा वहिर्गमन शुल्क सम्बन्धी जानकारी	लागु नहुने ।
१.४		योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिने । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) पुन : लगानीका लागी उपयोग गरिनेछ ।
१.५		इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	कुनै पनि नेपाली नागरिक तथा प्रचलित कानून बमोजिम दर्ता भएका फर्महरुले पनि फर्मको नामबाट यस योजनामा लगानी गर्न सक्नेछन् । साथै बैंक, वित्तीय संस्था, बीमा कम्पनी, संस्थागत लगानीकर्ताहरु, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोष जस्ते संचयकोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदि कोषहरुको रकम यस फण्डमा लगानी गर्न सक्नेछ । धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम हितग्राही खाता खोलेका व्यक्ति तथा संस्थाहरुले मात्र यस निष्काशनमा आवेदन गर्न सक्नेछन् ।
१.६		योजना व्यवस्थापकको नाम तथा ठेगाना स्थापित ऐन दर्ता मिति बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड, का.म.न.पा-०४, बालुवाटार, काठमाण्डौ । कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ । कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति : २०७८/०६/१० गते (दर्ता नं. २७३२५९/०७८/०७९) । नेपाल धितोपत्र बोर्डमा दर्ता मिति : २०८०/०४/२९ गते । मिति : २०८१/०८/०२ गते ।
१.७		योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	बि.यु.डि.ए. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, थापागाँउ, काठमाण्डौ ।
१.८		कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. विजय वहादुर शाह – बीमा तथा सरकारी प्रतिष्ठानहरुमा ३० वर्ष भन्दा बढीको कार्य अनुभव साथै विभिन्न बीमा कम्पनीहरुमा प्रमुख कार्यकारी अधिकृतको रुपमा १२ वर्षको कार्य अनुभव । शैक्षिक योग्यता : चार्टड एकाउन्टेन्सी, एम.बि.ए.। ठेगाना : गुलरिया नगरपालिका ०२, बर्दिया । २. भुवन कडेल – नेपाल राष्ट्र बैंकमा कार्यकारी निर्देशक पदको कार्य अनुभव (नियमनकारी निकायको अनुभव) साथै बाणिज्य बैंक तथा वित्तीय क्षेत्रमा २८ वर्ष भन्दा बढीको कार्य अनुभव । शैक्षिक योग्यता : चार्टर्ड एकाउन्टेन्सी, एम.ए. (ग्रामीण विकास) । ठेगाना : बेनिघाट गाउँपालिका ०३, धादिङ्ग । ३. शशि निधि तिवारी – बैंक तथा वित्तीय क्षेत्रमा ४० वर्ष भन्दा बढीको कार्य अनुभव । शैक्षिक योग्यता : एम.ए (अर्थशास्त्र) । ठेगाना : काठमाण्डौ महानगरपालिका ३३, काठमाण्डौ । ४. सागर कुमार घिमिरे – बैंक तथा वित्तीय क्षेत्रमा २३ वर्ष भन्दा बढीको कार्य अनुभव साथै लुम्बिनी हर्बास्युटिकल प्रा.लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा २ वर्षको कार्य अनुभव । शैक्षिक योग्यता : एम.बि.ए. । ठेगाना : भरतपुर महानगरपालिका २०, चितवन । ५. निरज श्रेष्ठ – बैंक तथा वित्तीय क्षेत्रमा २२ वर्ष भन्दा बढीको कार्य अनुभव र हाल रिलायबल भेञ्चर क्यापिटल लिमिटेडको सञ्चालक र रिलायबल प्राइभेट इक्विटी फण्डको लगानी समितीको संयोजकको रुपमा कार्यरत । शैक्षिक योग्यता : एम.बि.ए.। ठेगाना : काठमाण्डौ महानगरपालिका ३३, काठमाण्डौ ।
१.९		रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	रेटिङ्ग कम्पनी : केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाण्डौ, नेपाल । **कोष प्रवर्द्धक श्री रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड :** केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति २०८१/०३/२८ मा [CARE-NP] BBB+ (Is) [Triple B+ (Issuer)] प्रदान गरेको छ जसले Moderate degree of safety regarding timely servicing of financial obligation, in Nepal and moderate credit risk जनाउँदछ । उक्त क्रेडिट रेटिङ्ग मिति २०८२/०२/२७ (तदनुसार जुन १०, २०२५) गतेसम्म रहनेछ । **योजना व्यवस्थापक श्री रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड :** केयर रेटिङ्ग नेपाल लिमिटेडबाट योजना व्यवस्थापकको लागि रेटिङ्ग "CARE-NP Asset Management Company Quality Four Plus" [CARE-NP] AMC Quality 4+ (AMC4+) प्राप्त गरेको छ । उक्त रेटिङ्गले Inadequate Assurance on the Management Quality लाई जनाउँदछ । यो मिति २०८१/०८/१९ (तदनुसार डिसेम्बर ०४, २०२४) गते प्राप्त भएको हो र यसको बैधता मिति २०८२/०८/१८ (तदनुसार डिसेम्बर ०४, २०२५) गतेसम्म रहनेछ ।
१.१०		लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही योजनाको इकाई बिक्रीबाट संकलित रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्काशन भएको धितोपत्र । ३. धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र । ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकि दिएको अन्य क्षेत्र । उपरोक्त क्षेत्रहरुमा लगानी गर्दा सामूहिक लगानी कोष नियमावली, २०६७ को दफा ३६ बमोजिमको सिमा भित्र रहि लगानी गरिनेछ साथै नेपाल धितोपत्र बोर्डको नियमावली संशोधन भएमा सो समेत उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्येनजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई नियमावलीले तोकेको सिमा भित्र रहि अन्य क्षेत्रमा सार्न सकिनेछ । तरलताका लागि व्यवस्था गरिएको वा लगानी भैनसकेको अवस्थामा रहेका रकमलाई लगानीकर्ताको हित तथा जोखिम अवस्थालाई मध्येनजर गरी सकेसम्म वढी व्याज आउने प्रकृतिको बैंक खातामा राख्ने व्यवस्था गरिनेछ ।
१.११		योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड, का.म.न.पा-०४, बालुवाटार, काठमाण्डौले नै डिपोजिटरीको कार्य गर्ने ।
१.१२		खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	सामुहिक लगानी कोष निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिनेछ जसलाई नियमावलीले व्यवस्था गरे बमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.१०(क) र (ख) मा उल्लेख गरिएको छ ।

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम तथा ठेगाना : श्री रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल ।

कोष प्रवर्द्धकको संक्षिप्त इतिहासः रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०८/१८ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भई मिति २०७४/०५/१६ गते कारोबार गर्न स्वीकृति प्राप्त भई कारोवार सञ्चालन गर्दै आइहेको छ । बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) तथा बीमा नियमावली, २०४९ अनुसार नेपाल बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) बाट जीवन बीमा व्यवसाय गर्ने बीमकको ईजाजतपत्र मिति २०७४/०४/१८ गते प्राप्त गरी जीवन बीमा व्यवसाय गर्दै आईहेको छ । यस कम्पनीका प्रवर्द्धकहरुमा नेपालका प्रतिष्ठित उद्योगी, व्यवसायी, बैंकर, अर्थशास्त्री लगायतका प्रबुद्ध व्यक्तित्वहरु रहेका छन् । यस कम्पनीले स्थापनाकालदेखि नै मुनाफा आर्जन गर्न सफल भएको छ । कम्पनीको मुख्य उद्देश्य नेपालमा प्रतिष्ठित बीमा कम्पनीको रुपमा स्थापित भई बीमा सेवा उपलब्ध गराउनुका साथै बीमितहरु तथा कम्पनीका लगानीकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्ने र कम्पनीमा कार्यरत कर्मचारीहरुको दक्षता अभिवृद्धि गरी बीमा बजारको क्षेत्रमा एक अग्रणी बीमा कम्पनीको रुपमा अगाडि बढाउनु रहेको छ ।

३. कोष प्रवर्द्धक कम्पनीको प्रमुख उद्देश्यहरु :

बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) र बीमा नियमावली, २०४९ को अधिनमा रही कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेखित मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ ।

क) आजीवन जीवन विमा, सावधिक बीमा तथा म्यादी जिवन विमा लगायत जीवन विमा सम्बन्धी कार्यहरु गर्ने गराउने ।
ख) सबै किसिमका जिवन तथा दुर्घटना सम्बन्धमा व्यक्ति विशेष वा ज्यान सम्बन्धी जोखीम वा शरिरको कुनै भागमा भएको वा हुने हानी नोक्सानी शारिरीक वा मानसिक आधातका सम्बन्धमा बीमा गर्ने गराउने ।
ग) क्षतीपूर्ति र औषधी उपचार बीमा व्यवसाय संचालन गर्ने ।
घ) कुनै कम्पनी वा कम्पनीको कामदारको समयमा कुनै कारवाहि हानी नेक्सानी कामदारलाई हुने हानी नोक्सानी, कामदारलाई हुने दुर्घटना, कुनै कानुन अन्तर्गत गर्नुपर्ने क्षतीपूर्ति, शारिरीक वा जीवनको क्षती, हुल्दंगाबाट हुने खतरा समेतको लागि बीमा गर्ने गराउने ।
ङ) वीमा सम्भौता गरे बापत प्राप्त भएको रकम विभिन्न क्षेत्रमा लगानी गर्ने असुली गर्ने ।
च) सम्पत्तिको संरक्षणको लागि तथा विभिन्न व्यक्तिहरुको हित र सुविधाको लागि विभिन्न बीमा कम्पनीहरुको लागि पुनर्विमा स्वीकार गर्ने तथा पुनर्विमा गराउने ।
छ) वीमा पुनर्विमा व्यवसायको लागि स्वदेश तथा विदेशी बीमा कम्पनीहरुको प्रतिनिधि (अभिकर्ता), ब्रोकर (दलाल) भई काम गर्ने गराउने ।
ज) मुलुकभर जीवन विमा सेवा उपलब्ध गराउनका लागि व्यापक रुपमा प्रचार प्रसार गर्ने गराउने ।
झ) आर्थिक तथा सामाजिक कारणले उत्पन्न हुने जिवन विमाका आवश्यकता पूर्ति गर्ने गराउने ।
ञ) वीमा व्यवसायबाट प्राप्त भएको जिवन विमा शुल्क रकम प्रचलित कानून बमोजिम स्वीकृती लिई विभिन्न क्षेत्रमा लगानी गर्ने तथा अशुल उपर गर्ने गराउने ।
ट) मुलक वा मुलुक बाहिर बीमा पुनर्विमा दलाल दावी निर्धारण तथा फस्यौट कर्ता नियुक्ती गर्ने गराउने ।
ठ) जीवन विमाका क्षेत्रभर अन्य कार्यहरु गर्ने गराउने ।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

रिलायबल नेपाल लाइफ इन्स्योरेन्सको विगत तीन वर्षको लेखापरीक्षण भएको वास्तविक वासलात, नाफा नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँड हिसाब तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

समष्टिकृत वासलात

(रकम रु. हजारमा)

विवरण	आ.व २०७७/७८	आ.व २०७८/७९	आ.व २०७९/८०	अपरिष्कृत (२०८१ आषाढ मसान्त)	अपरिष्कृत (२०८१ पौष मसान्त)
सम्पत्ति					
ख्याती र अमूर्त सम्पत्ति	१,२४६	१,१८३	२,०९३	२,६२९	२,२०७
सम्पत्ति तथा उपकरण	६८,७१४	१३३,८३४	१३५,७०३	१३१,६२१	१४५,५२६
सम्पत्तिमा लगानी	-	-	-	-	-
स्थगन कर सम्पत्ति	६४०	१३,६७६	१४,८०४	१२,६८२	४,९८३
सहायक कम्पनीहरुमा लगानी	-	-	-	-	-
एसोसिएट्समा लगानी	-	-	-	-	-
लगानी	५,१३०,७२६	७,०८४,०६४	१०,५३८,९४९	१६,३९७,३३०	१८,०५९,०२३
ऋण	१३१,५१०	२१३,९८४	३६६,९४०	४६१,७८९	५१९,७७०
पुनबीमा सम्पत्ति	३५	१,१९७	३७०	-	३७०
चालु कर सम्पत्ति	१६२,६२६	१९४,६१०	२५६,४५६	३३७,६०५	३९४,७३८
बीमा प्राप्य	१४८,५५०	२४६,२५९	१८७,४८०	१,३६३	१,४३७
अन्य सम्पत्ति	१२,९६७	२६,३९६	३८,६३२	३४,३९५	२९,८६०
अन्य वित्तीय सम्पत्ति	४५,८११	९७,८२७	१११,१२३	२२७,२५९	२६४,५५२
नगद तथा नगद समान	३६६,२३०	३४४,०५९	२७१,२६२	२८६,८६१	३१४,२८०
कुल सम्पत्ति	**६,०६९,०५४**	**८,३५७,०८९**	**११,९२३,८१२**	**१७,८९३,५६४**	**१९,७३६,७६६**
दायित्व					
प्रावधान	३२,९७१	३७,५२३	४८,२०१	४१,९२९	४४,०६०
खुद बीमा सम्झौता दायित्वहरु	३,६५९,६६४	५,५१६,६०७	७,४०२,८८१	१०,०५२,४१३	११,६३१,७९२
स्थगन कर दायित्व	-	-	-	-	९,६५८
बीमा भुक्तान	२५,८८१	२१,६६९	३७,५३१	२१,७९६	६८,९८५
चालु कर दायित्व	-	-	-	-	-
उधारो	-	-	१४,८३२	-	-
अन्य दायित्व	९०,१२६	९३,६२६	७७,४३३	३८,८३४	८६,४७२
अन्य वित्तीय दायित्व	२८५,९३०	४२७,६८३	३४२,६९२	३७९,९५८	१५८,९१५
कुल दायित्व	**४,०९४,५७२**	**६,०९७,१०८**	**७,९२३,५७०**	**१०,५३४,९३०**	**११,९९९,८८२**
इक्विटी					
शेयर पूँजी	१,४००,०००	१,४००,०००	२,८००,०००	४,६४०,०००	४,६४०,०००
बाँडफाँड गर्न बाँकी रहेको आवेदन रकम	-	-	-	-	-
शेयर प्रिमियम	-	-	-	१,७५०,३९२	१,७५०,३९२
महा-विपत्ती जगेडा कोष	५७,४८२	८७,८५६	१२०,६१०	१६३,२५५	१९८,५३०
संचित नाफा/-नोक्सान)	५०६,०३३	७२३,१४२	१,०११,८७०	७२९,५९३	१,०४८,३६५
अन्य इक्विटी	१०,९६७	४९,२५६	६७,७६४	७५,४०३	९९,५९६
कुल इक्विटी	**१,९७४,४८२**	**२,२६०,२५४**	**४,०००,२४४**	**७,३५८,६३३**	**७,७३६,८८४**
कुल दायित्व र इक्विटी	**६,०६९,०५४**	**८,३५७,३६२**	**११,९२३,८१४**	**१७,८९३,५६३**	**१९,७३६,७६६**

समष्टिकृत नाफा-नोक्सान हिसाव

(रकम रु. हजारमा)

विवरण	आ.व. ०७७/०७८	आ.व ०७८/०७९	आ. व. ०७९/०८०	अपरिष्कृत (२०८१ आषाढ मसान्त)	अपरिष्कृत (२०८१ पौष मसान्त)
बीमा शुल्क आम्दानी (खुद)	३,०७२,३७२	४,०४४,०९४	३,७९५,८६८	४,२०९,००१	२,३८५,०१३
बीमा शुल्क भुक्तानी	(१८४,०८९)	(२१५,०५३)	(२२५,४३२)	(३१०,९८५)	(१६६,२८८)
कूल बीमा शुल्क आम्दानी	**२,८८८,२८३**	**३,८२९,०४१**	**३,५७०,४३६**	**३,८९८,०१६**	**२२१,८७२५**
कमिसन आय	-	-	-	-	-
अन्य प्रत्यक्ष आय	७१२	५,५८०	५,९२६	१४,१५९	९,३१९
वीमितलाई कर्जामा ब्याज आम्दानी	-	३,८१९	२०,७०२	३४,९७९	२१,४२३
लगानी तथा ऋणबाट प्राप्त आम्दानी	४०८,९३१	५९२,५२८	९१७,८५१	१,३३८,७७८	६९४,०७३
उचित मूल्य परिवर्तनमा खुद नाफा/ (नोक्सान)	-	(१५,३२०)	(५,२३६)	१३,५०८	२०,१०६
खुद प्राप्त गरेको नाफा/नोक्सान	४७,१६५	१२५	२८,४०९	३,८१९	१०४,४४९
अन्य आम्दानी	१३१	५,५६७	६४३	६,००५	२,२८७
जम्मा आम्दानी	**४५६,९३९**	**४,४२१,३४०**	**४,५३८,७३१**	**५,३०९,२६४**	**३,०७०,३८२**
कुल लाभ र दावी भुक्तानी	७३०,३०४	१,११९०,९६३	१,२५७,३७१	१,१२८७,७२९	६७३,२९१
दावी भुक्तानी	(२६०,१०१)	(३०५,४११)	(१३५,४८१)	(२८१,६०७)	(१४४,८३४)
खुद कन्ट्राक्ट दायित्वहरुमा परिवर्तन	१,६०५,५३९	१,८५३,७५२	१,८८९,८८८	२,६७९,६३९	१,५७२,७६१
पूनर्बीमा भुक्तानीमा कन्ट्राक्ट दायित्वहरुमा परिवर्तन	७३२	(१,१६२)	८२७	-	-
कुल लाभ र भुक्तानी गरिएका दावीहरु	**२,०७६,४७४**	**२,७३८,१४२**	**३,०१२,६०५**	**३,६८५,७६१**	**२,१०१,२१८**
कमिसन खर्च	४२८,८४१	५७९,७४६	५०८,११३	४८६,०५८	२४१,३५४
सेवा शुल्क	२८,८८३	३८,२९०	२९,१८३	३१,५६७	१७,८८८
अन्य प्रत्यक्ष खर्च	-	-	-	-	-
कर्मचारी लाभ खर्च	२२२,६६१	२६५,७६६	२७६,५१८	२९६,६२६	१६८,१३४
ह्रासकट्टी तथा परिशोधन	११,६३५	२४,५६७	२८,२९९	१३,८४३	७,७७९
नोक्सानीको लागि व्यवस्था	४,७२५	-	-	-	-
अन्य सञ्चालन खर्च	३२६,५५१	४४३,७१९	३४१,३२४	३६३,९२९	१६५,२८६
वित्त खर्च	-	७,०८३	१७,६३४	८५२	३३७
कुल खर्च	१,१२४,३९१	४,०९७,३१३	४,२१३,६७६	४,८७८,६३६	२,७०१,९९६
कर अघिको नाफा/(नोक्सान)	**११२,०२४**	**३२४,०२७**	**३२५,०५५**	**४३०,६२८**	**३६८,३८७**
समायोजित आयकर खर्च	४१,७५६	(६,३३९)	(५,२८४)	८७२	२,४५८
वर्षको कुल नाफा र (नोक्सानी)	**१५३,७८२**	**३३०,३६६**	**३३०,३३९**	**४२९,७५६**	**३६५,९२९**
प्रति शेयर आम्दानी	-				
आधारभुत प्रति शेयर आम्दानी	१७.६६	२३.६०	११.८०	९.२६	१५.७७
डाइल्युटेड प्रति शेयर आम्दानी	१७.६६	२३.६०	११.८०	९.२६	१५.७७

विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण:

विवरण	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/०८०	अपरिष्कृत (२०८१ आषाढ मसान्त)	अपरिष्कृत (२०८१ पौष मसान्त)
चुक्ता पूँजी (रु.हजारमा)	१,४००,०००	१,४००,०००	२,८००,०००	४,६४०,०००	४,६४०,०००
जगेडा तथा कोषहरु (रु.हजारमा)	५७४,४८२	८६०,२५४	१,२००,२४४	२,७१८,६३३	३,०९६,८८४
जम्मा (रु.हजारमा)	१,९७४,४८२	२,२६०,२५४	४,०००,२४४	७,३५८,६३३	७,७३६,८८४
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-
जम्मा नेटवर्थ (रु.हजारमा)	१,९७४,४८२	२,२६०,२५४	४,०००,२४४	७,३५८,६३३	७,७३६,८८४
शेयर संख्या (रु.हजारमा)	१४,०००	१४,०००	२८,०००	४६,४००	४६,४००
प्रति शेयर नेटवर्थ (रु.)	१४१.०३	१६१.४५	१४२.८७	१५८.५९	१६६.७४
खुद नाफा/नोक्सान (रु. हजारमा)	२४७,२१०	३३०,३६६	३३०,३३९	४२९,७५६	३६५,९२९
प्रति शेयर आम्दानी (रु.)	१७.६६	२३.६०	११.८०	९.२६	*१५.७७
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००

*अपरिष्कृत २०८१ पौष मसान्तको प्रति शेयर आम्दानी वार्षिक रुपमा प्रस्तुत गरिएको छ ।

५. योजना व्यवस्थापक सम्बन्धी विवरण

(क) **योजना व्यवस्थापकको नाम तथा ठेगाना :** रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड । का.म.न.पा-०४, बालुवाटार, काठमाण्डौ ।

(ख) **योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :** योजना व्यवस्थापक कम्पनी रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०६/१० गते पब्लिक कम्पनीको रुपमा दर्ता भएको र धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रूपमा कार्य गर्न बोर्डबाट मिति २०८०/०४/२९ गते अनुमतिपत्र प्राप्त भएको तथा सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०८/०२ गते योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त गरेको छ ।

(ग) **योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :** बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४, बालुवाटार ।

(घ) **योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :** रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०६/१० गते पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न बोर्डबाट मिति २०८०/०४/२९ गते अनुमतिपत्र प्राप्त गरी सोही मितिबाट मर्चेन्ट बैंकिङ्ग अन्तर्गत धितोपत्र प्रत्याभुती सम्बन्धि सेवा प्रदान गर्दै आइहेको छ । सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०८/०२ गते योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था हो । यस कम्पनीले निष्काशन तथा व्यवस्थापन गर्न लागेको रिलायबल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने "रिलायबल समृद्धि योजना" प्रथम बन्दमुखि योजना हो । कम्पनीले हाल शेयर प्रत्याभूति सेवा तथा लगानी व्यवस्थापन सेवा प्रदान गर्दै आईहेको छ ।

६. योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) कृषिसँग सम्बन्धित उद्योग तथा सेवाहरु जस्तै कोल्ड स्टोरेज निर्माण तथा सञ्चालन, कृषि बजार निर्माण र सञ्चालन गर्ने, गराउने ।
(ख) सम्पत्ति व्यवस्थापनका कार्यहरु जस्तै नेपाल सरकार, कुटनैतिक नियोग, स्वदेशी तथा विदेशी संघ संस्था, बैंक तथा वित्तीय संस्थाहरुको चल अचल सम्पत्तिहरुमा लगानी गर्ने, आवश्यक सम्पत्ति व्यवस्थापनको कार्य गर्ने गराउने ।
(ग) किफायती र सर्वसाधारणको पहुँच हुने खालका हाउजिङ्ग, कोलोनीहरुको निर्माण तथा विक्री वितरण गर्ने गराउने ।
(घ) उर्जा क्षेत्र जस्ते जलविद्युत, वायु उर्जा, सौर्य उर्जा जस्ता आयोजनाहरु निर्माण गर्ने, सञ्चालन गर्ने त्यस्ता योजनाहरुमा लगानी गर्ने ।
(ङ) प्रचलित कानूनको अधिनमा रही विभिन्न कम्पनीहरु स्थापना गर्ने तथा संस्थापक र विभिन्न खालका शेयर तथा डिवेञ्चरहरुमा लगानी तथा खरिद विक्री गर्ने ।
(च) भौतिक पूर्वाधार जस्तै जलविद्युत जस्ता ठूला आयोजनाहरुको वित्त व्यवस्थापनका लागि भेञ्चर क्यापिटल मार्फत लगानी रकम व्यवस्थापन गर्ने गराउने ।
(छ) प्रचलित कानूस भित्र रही बुट (BOOT) मोडल अन्तर्गत भौतिक पूर्वाधारको निर्माण, सञ्चालन तथा लगानी गर्ने ।
(ज) कमर्शियल कम्प्लेक्स, कोलोनी, अपार्टमेन्ट, डिपार्टमेन्टल स्टोरहरु, व्यापारिक केन्द्रहरुमा शेयर लगानी गर्ने, निर्माण गर्ने, सञ्चालन गर्ने, विक्री साथै भाडा लगाउने तथा रियलस्टेट, सम्बन्धी अन्य व्यवसायहरु गर्ने गराउने ।
(झ) विदेशी लगानीकर्ताहरुसंगको सहकार्यमा नेपालभित्र संचालन हुने विद्युत, भौतिक पूर्वाधार जस्ता आयोजनाहरुमा लगानी गर्ने, परामर्श सम्बन्धी सेवा प्रदान गर्ने ।
(ञ) व्यवस्थापन, प्राविधिक लगानी, धितोपत्र, पूँजी व्यवस्थापन तथा कोष व्यवस्थापन सेवा प्रदान गर्ने ।
(ट) निर्माण सामाग्रीहरुको उत्पादन र लगानी सम्बन्धी कार्य गर्ने, गराउने ।
(ठ) सम्पत्तिको लिजिङ्ग (पट्टा) सम्बन्धी व्यवसाय गर्ने गराउने ।
(ड) निर्माण सामग्री जस्तै बालुवा, गिट्टी, सिमेन्ट, चुनढुङ्गा लगायतका खानी तथा खनिज जन्य उद्योग सञ्चालन गर्ने, गराउने ।
(ढ) कम्पनीले विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ अनुसार प्राइभेट इक्विटी फण्ड, भेञ्चर क्यापिटल फण्ड र हेज फण्ड सम्बन्धी सम्पूर्ण काम गर्ने ।
(ण) धितोपत्र बोर्डबाट जारी बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को अधिनमा रही बुक बिल्डिङ्ग सम्बन्धी कार्य गर्ने ।
(त) भेञ्चर क्यापिटलको रुपमा शुरुवाती (Startup) प्राइभेट कम्पनी, पब्लिक कम्पनी र व्यक्तिलाई शेयरको रुपमा पूँजी लगानी प्रदान गर्ने ।
(थ) विभिन्न उत्पादनशील क्षेत्रहरुमा लगानी गर्ने तथा उत्पादित वस्तुहरुको बजार व्यवस्थापन तथा विक्री वितरण गर्ने ।
(द) विभिन्न क्षेत्रहरुमा परामर्श सम्बन्धी सेवा प्रदान गर्ने ।
(ध) दोस्रो बजार मार्फत विभिन्न कम्पनीहरुको शेयर खरिद विक्री गर्ने ।
(न) बैंक तथा वित्तीय संस्थाहरुले नन-पर्फमेन्स एसेट्स (NPA) र नन-बैंकिङ्ग एसेट्स (NBA) तथा घरजग्गाको खरिद विक्री सम्बन्धी कार्य गर्ने ।
(प) प्रचलित कानूनको अधिनमा रही डिवेञ्चर जारी गर्ने ।
(फ) संगठित संस्थाको धितोपत्र निष्काशनका लागि विवरण पत्र, विक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण पत्र तयार गर्ने लगायतका धितोपत्रको निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी आवश्यक सबै कार्यहरु गर्ने ।
(ब) संगठित संस्थाका तर्फबाट धितोपत्रधनीहरुको अभिलेख राख्ने तथा धितोपत्रहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने ।
(भ) लगानी व्यवस्थापन गर्ने ।
(म) संगठित संस्थासँग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्रहरु विक्री नभएको अवस्थामा आफुले खरिद गर्न प्रत्याभूति (अण्डर राइटिङ) दिने कार्य गर्ने ।
(य) ग्राहकसँग सम्झौता गरी ग्राहकका लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
(र) धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रीय निक्षेप सेवा वा डिपोजिटरी (कस्टोडियन) सेवा सम्बन्धी कार्य गर्ने ।
(ल) सामूहिक लगानी कोष व्यवस्थापन र योजना व्यवस्थापकको कार्य गर्ने ।
(व) संस्थागत परामर्श सेवा र लगानी परामर्शदाताको कार्य गर्ने ।
(श) सामूहिक लगानीकोष साथै अन्य कोषहरुको डिपोजिटरीको कार्य गर्ने ।
(ष) बस्तु विनिमय बजार सञ्चालन सम्वन्धि कार्य गर्ने ।
(स) योग्य संस्थागत लगानीकर्ता सम्वन्धि कार्य गर्ने ।

७. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

योजना व्यवस्थापकको नियमावलीको नियम २७ बमोजिम कम्पनीमा ६ (छ) जना सञ्चालक समिति हुनेछ । सञ्चालक समितिको बनौट देहाय बमोजिम रहेको छ ।

क्र.सं.	विवरण	संख्या
१.	क समुहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित	३ जना
२.	सर्वसाधारण शेयरधनीबाट निर्वाचित	१ जना
३.	स्वतन्त्र तर्फबाट	२ जना
	जम्मा	**६ जना**

हाल संस्थापक समुहबाट ४ जना तथा स्वतन्त्र सञ्चालकबाट २ जना गरि ६ जनाको सञ्चालक लगत प्रमाणित गरिएको छ ।

नोट : कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) मा भएको व्यवस्थाको अधिनमा रहि कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था बमोजिम शेयर सर्वसाधारणमा बाँडफाँड नहुँदा सम्मको लागि संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरु सञ्चालक समितिमा रहनु भएको छ । कम्पनीको सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन तथा बाँडफाँड सम्पन्न भए पश्चात् कानुन बमोजिम सञ्चालक समितिमा माथि उल्लेख गरिए अनुसार प्रतिनिधित्व रहने गरि सञ्चालक समितिको गठन गरिनेछ ।

८. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी :

(क) अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.५०,००,००,०००/- (पचास करोड) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ५०,००,००० (पचास लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ख) जारी पूँजी : कम्पनीको जारी पूँजी रु.३०,००,००,०००/- (तीस करोड) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ३०,००,००० (तीस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) चुक्ता पूँजी : कम्पनीको संस्थापकहरुले चुक्ता गरेको रकम रु.२०,००,००,०००/- (बिस करोड) रहेको छ । साथै रकम रु.७,००,००,०००/- (सात करोड) चुक्ता हुन बाँकी रहेको छ ।

९. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव:

क्र.सं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा)	शैक्षिक योग्यता	अनुभव
१	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड ।	ज्ञानेश्वर ३०, काठमाण्डौ	नेपाली	१००%	लागू नहुने	वीमा क्षेत्रमा ७ बर्ष भन्दा बढी समयदेखि सेवा दिइरहेको जीवन वीमा कम्पनी ।

(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :

क्र.सं	नाम तथा पद	उमेर (वर्ष)	ठेगाना	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१.	श्री इन्द्र प्रसाद शर्मा अध्यक्ष (संस्थापक समुह)	४४ वर्ष	दुर्लुङ ३, पर्वत	नेपाली	एम.बि.एस. स्नातकोत्तर	मिति २०६८ कार्तिक १८ देखि हाल सम्म आई. पे. रेमिट प्रा.लि. मा कार्यकारी निर्देशकको पदमा कार्यरत ।
२.	श्री नारायण बाबु लोहनी सञ्चालक (संस्थापक समुह)	५४ वर्ष	उदीपुर- १, लम्जुङ्ग	नेपाली	ई.एम.बि.ए. स्नातकोत्तर सिभिल इन्जिनियरिङ स्नातक	मिति २०७४ श्रावण १९ देखि हालसम्म रिलायबल नेपाल लाईफ ईन्स्योरेन्स लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत ।
३.	श्री दिपेश बाबु तिवारी सञ्चालक (संस्थापक समुह)	५० वर्ष	चोकचिसापानी-६, तनहुँ	नेपाली	ई.एम.बि.ए. स्नातकोत्तर (अर्थशास्त्र)	मिति २०७५ फाल्गुण ६ देखि हालसम्म रिलायबल नेपाल लाईफ ईन्स्योरेन्स लिमिटेडमा नायव प्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत । मिति २०६० कार्तिक २ देखि २०६३ कार्तिक १ सम्म प्रुडेन्सियल वित्तीय संस्था लिमिटेडमा प्रबन्धकको रुपमा कार्यानुभव ।
४.	श्री बिजया पौडेल अधिकारी सञ्चालक (संस्थापक समुह)	४८ वर्ष	का.म.न.पा. ७	नेपाली	स्नातक	मिति २०७६ कार्तिक १ देखि हालसम्म रिलायबल नेपाल लाईफ ईन्स्योरेन्स लिमिटेडमा सहायक प्रबन्धक कर्पोरेट मार्केटिङ्गको पदमा कार्यरत । मिति २०६१ श्रावण ४ देखि २०७४ पौष २६ सम्म मेटलाईफ लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेडमा कार्यानुभव ।
५.	डा. ईन्दिरा श्रेष्ठ (मास्के) स्वतन्त्र सञ्चालक	७० वर्ष	धरान - ५, सुनसरी	नेपाली	विद्यावारिधी	मिति २०३४ चैत्र १ देखि २०४२ आश्विन २४ सम्म रत्न राज्य लक्ष्मी क्याम्पसमा अस्थायी सहायक प्राध्यापकको रुपमा कार्यानुभव । मिति २०४२ आश्विन २५ देखि २०४२ कार्तिक २९ सम्म व्यवहारिक विज्ञान तथा अनुसन्धान केन्द्रमा स्थायी सहायक प्राध्यापकको रुपमा कार्यानुभव । मिति २०४२ कार्तिक ३० देखि २०५० कार्तिक मसान्तसम्म रत्न राज्य लक्ष्मी क्याम्पसमा स्थायी सहायक प्राध्यापकको पदमा कार्यानुभव । मिति २०५० मंसिर १ देखि मिति २०६२ माघ ३ गतेसम्म रत्न राज्यलक्ष्मी क्याम्पसमा उपप्राध्यापकको रुपमा कार्यानुभव । मिति २०६२ माघ ४ देखि २०७१ सम्म रत्न राज्यलक्ष्मी क्याम्पसमा सहप्राध्यापकको रुपमा कार्यानुभव ।
६.	श्री कुमार वहादुर खत्री स्वतन्त्र सञ्चालक	५५ वर्ष	गोगंबु - ३, काठमाण्डौ	नेपाली	एम.बि.एस. स्नातकोत्तर	मिति २०८० जेष्ठ १४ देखि २०८० चैत्र १ सम्म युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडमा बरिष्ठ उपप्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत रहि अवकास प्राप्त । मिति २०७५ देखि २०८० सम्म अजोड इन्स्योरेन्स लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यानुभव, मिति २०६२ देखि २०७५ सम्म साविक लुम्बिनी जनरल इन्स्योरेन्स लिमिटेडमा उपमहाप्रबन्धकको रुपमा कार्यानुभव । मिति २०६० देखि २०६२ सम्म साविक एन.बि इन्स्योरेन्स कम्पनी लिमिटेडमा उपप्रबन्धकको रुपमा कार्यानुभव । मिति २०५३ साल देखि २०८० सम्म नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडमा अधिकृतको रुपमा कार्यानुभव । मिति २०४४ देखि २०५३ सम्म राष्ट्रिय खेलकुद परिषदमा प्रशासन विभागको कार्यानुभव ।

१०. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव सम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	उमेर	शैक्षिक योग्यता	अनुभव
१.	शैलेन्द्र श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत	४८ वर्ष	स्नातकोत्तर, एम.बी.एस.	मिति २०७४ भाद्र ९ देखि हालसम्म रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडमा सहायक महाप्रबन्धकको पदमा कार्यरत ।
२.	दिपेन्द्र कडरिया	सहायक महाप्रबन्धक	५१ वर्ष	स्नातकोत्तर, एम.ए.	मिति २०७८ कार्तिक १० देखि हाल सम्म रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेडमा सहायक महाप्रबन्धकको पदमा कार्यरत । मिति २०७४ श्रावण १० देखि २०७७ श्रावण ७ सम्म ग्लोबल आइ.एम.ई. बैंक लिमिटेडमा उपप्रबन्धकको रुपमा कार्यानुभव । मिति २०७१ बैशाख ३ देखि रिलायबल डेभलपमेन्ट बैंक लिमिटेडमा सहायक महा प्रबन्धकको रुपमा कार्यानुभव । मिति २०६६ कार्तिक ३ गतेदेखि २०७१ बैशाख २ सम्म साविक नेपाल कन्जुमर डेभलपमेन्ट बैंक लिमिटेडमा सहायक महा प्रबन्धकको रुपमा कार्यानुभव । मिति २०५७ चैत्र १ गतेदेखि २०६६ आश्विन २९ गतेसम्म कुमारी बैंक लिमिटेडको कार्यानुभव ।
३.	शुसिल बाबु पाण्डेय	प्रबन्धक, लेखा तथा प्रशासन विभाग	४१ वर्ष	स्नातकोत्तर (एम.बी.एस., एल.एल.बी.)	मिति २०७५ भाद्र ८ गतेदेखि हालसम्म रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा एजेन्सी विभागिय प्रमुखको पदमा कार्यरत ।
४.	माधव पोखरेल	सहायक प्रबन्धक	३२ वर्ष	चार्टर्ड एकाउन्टेन्ट, स्नातकोत्तर, (एम.बि.एस)., एल.एल.बि	मिति २०८० पौष १४ गतेदेखि हाल सम्म रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेडमा सहायक प्रबन्धकको पदमा कार्यरत । मिति २०७८ फाल्गुण ८ देखि २०८० पौष १३ गतेसम्म श्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडमा बरिष्ठ अधिकृत, अनुपालना/आन्तरिक लेखापरीक्षकको रुपमा कार्यानुभव ।

११. योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाबको विवरण :

वासलात

(रकम रु. हजारमा)

विवरण	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	अपरिष्कृत (२०८१ पौष मसान्त)
सम्पत्ति				
चालु सम्पत्ति				
नगद तथा नगद समान	७,६७५	८५९	२०१	१०,३६०
व्यापार र अन्य प्राप्य	-	-	८६०	३०४
परिशोधित मुल्यमा मापन गरिने वित्तीय सम्पत्ति	-	३२,५००	५०,०००	५०,०००
नाफा नोक्सान खाता मार्फत फेयर भ्यालुमा मापन गरिने वित्तीय सम्पत्ति	५६,०८९	७९,६३८	१३५,७९८	१३७,८८२
अन्य चालु सम्पत्ति	-	१०	२५	२३३
चालु कर सम्पत्ति	२७८	४८९	१,५४३	३,५१८
कुल चालु सम्पत्ति	**६४,०४२**	**११३,४९६**	**१८८,४२७**	**२०२,३२७**
स्थिर सम्पत्ति				
सम्पत्ति तथा उपकरण	१८०	४२१	१,२०२	१,११८
अमूर्त सम्पत्ति	-	-	३६६	३२७
सम्पत्ति उपयोगको अधिकार	-	-	५,९३९	५,२४७
स्थगन कर सम्पत्ति	४,५८९	६,२७७	४,९८३	४,९८३
कुल स्थिर सम्पत्ति	४,७६९	६,६९८	१२,४९०	११,६७४
कुल सम्पत्ति	**६८,८११**	**१२०,१९४**	**२००,९१७**	**२१४,००२**
पूँजी तथा दायित्व				
चालु दायित्व				
चालु उधारो	-	१४,८३२	५,३२५	-
लिज दायित्व	-	-	१,६८०	-
भुक्तानी योग्य व्यापार तथा अन्य	-	-	-	-
अन्य चालु दायित्व	४०	१५४	१,१३४	४,५०६
स्थगन कर दायित्व	-	-	-	-
कुल चालु दायित्व	**४०**	**१४,९८६**	**८,१३९**	**४,५०६**
गैर चालु दायित्व				
लिज दायित्व	-	-	४,१३४	५,३१२
अन्य दायित्वहरु	-	४४	२४५	२४५
स्थगन कर दायित्व	-	-	-	-
कुल चालु दायित्व	**-**	**४४**	**४,३७९**	**५,५५८**
कुल दायित्व	**४०**	**१५,०३०**	**१२,५१८**	**१०,०६४**
पूँजी				
शेयर पूँजी	७०,०००	१२०,०००	२००,०००	२००,०००
शेयर पूँजीको लागि पेश्की	१०,०००	-	-	-
संचित मुनाफा	(११,२२९)	(१४,८३५)	(११,९५६)	३,५८२
अन्य कोष	-	-	३५६	३५६
कुल पूँजी	**६८,७७१**	**१०५,१६५**	**१८८,४००**	**२०३,९३८**
कुल पूँजी तथा दायित्व	**६८,८११**	**१२०,१९५**	**२००,९१८**	**२१४,००२**

नाफा-नोक्सान हिसाव

(रकम रु. हजारमा)

विवरण	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	अपरिष्कृत (२०८१ पौष मसान्त)
आम्दानी				
मर्चेण्ट बैंकिङ्ग गतिविधिबाट आम्दानी	-	-	२,४६९	२,०३९
व्याज आम्दानी	१,८००	८९०	५,५९०	२,१४६
अन्य आम्दानी	७४	१,४३०	६६१	६५५
नाफा/नोक्सान खाता मार्फत वित्तीय सम्पत्तिमा प्राप्त भएको नाफा/(नोक्सान)	-	४६४	(१,६७९)	८,८३३
नाफा/नोक्सान खाता मार्फत वित्तीय सम्पत्तिमा प्राप्त हुन बाँकी नाफा/(नोक्सान)	-	(५,०२५)	५,६३३	८,१७६
जम्मा आम्दानी	१,८७४	(२,२४१)	१२,६७४	२१,८४८
कर्मचारी खर्च	-	२,२२४	३,४५४	२,२०४
सम्पत्ति र उपकरणको ह्रासकट्टी	३०	४८	२८५	१५६
अमूर्त सम्पत्तिको परिशोधन	-	-	२९	४०
ROU मा ह्रासकट्टी	-	-	९८०	६९२
अन्य सञ्चालन खर्च	२,४८२	६२५	२,५४४	२,८८१
वित्तीय खर्च	-	१५६	८५२	३३८
लगानीमा हुने हानीको व्यवस्था	१५,३२०	-	-	-
कूल खर्च	१७,८३२	३,०५३	८,१४४	६,३१०
कर अघिको नाफा	१५,९५८	(५,२९४)	४,५३०	१५,५३८
आय कर खर्च				
चालु कर खर्च	-	-	-	
स्थगन कर खर्च/(आम्दानी)	३,८२४	(१,६८८)	१,२९५	
यस वर्षको नाफा	१२,१३४	(३,६०६)	३,२३५	१५,५३८
प्रति शेयर आम्दानी (रु.)	(२६)	(२)	२	७.७७

१२. कोष सुपरिवेक्षकहरुको व्यवसायिक अनुभव, मुख्य पेशा/व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

क्र.सं	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा/व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	श्री विजय वहादुर शाह	बीमा तथा सरकारी प्रतिष्ठानहरुमा ३० वर्ष भन्दा बढीको कार्य अनुभव साथै एनएलजी इन्स्योरेन्स कम्पनी लि. मा प्रमुख कार्यकारी अधिकृतको रुपमा १२ वर्षको कार्य अनुभव ।	बीमा क्षेत्र	चार्टर्ड एकाउन्टेन्ट, बीमा क्षेत्रबाट सेवा निवृत
२.	श्री भुवन कडेल	नेपाल राष्ट्र बैंकमा कार्यकारी निर्देशक पदको कार्यानुभव (नियमनकारी निकायको अनुभव) साथै बाणिज्य बैंक तथा वित्तीय क्षेत्रमा २८ वर्ष भन्दा बढीको कार्य अनुभव ।	बैंकिङ्ग	चार्टर्ड एकाउन्टेन्ट, बैंकिङ्ग क्षेत्रबाट सेवा निवृत
३.	श्री शशि निधि तिवारी	बाणिज्य बैंक तथा वित्तीय क्षेत्रमा ४० वर्ष भन्दा बढीको कार्य अनुभव ।	बैंकिङ्ग	बैंकिङ्ग क्षेत्रबाट सेवा निवृत
४.	श्री सागर कुमार घिमिरे	बैंक तथा वित्तीय क्षेत्रमा २३ वर्ष भन्दा बढीको कार्य अनुभव साथै लुम्बिनी हर्बास्युटिकल प्रा.लि. मा प्रमुख कार्यकारी अधिकृतको २ वर्षको कार्य अनुभव ।	बैंकिङ्ग	बैंकिङ्ग क्षेत्रबाट सेवा निवृत
५.	श्री निरज श्रेष्ठ	बैंक तथा वित्तीय क्षेत्रमा २२ वर्ष भन्दा बढीको कार्य अनुभव ।	हाल रिलायबल भेञ्चर क्यापिटल लिमिटेडको सञ्चालक र रिलायबल प्राइभेट इक्विटी फण्डको लगानी समितीको संयोजकको रुपमा कार्यरत ।	हाल रिलायबल भेञ्चर क्यापिटल लिमिटेडको सञ्चालक र रिलायबल प्राइभेट इक्विटी फण्डको लगानी समितीको संयोजकको रुपमा कार्यरत ।

१३. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी स्विकृतिका लागि पठाउन अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षित साथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग कयोजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लंघन गरेमा वा आफ्ना निर्देशन बारम्बार उल्लंघन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

१४. योजनाको उद्देश्य :

इकाई बिक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।

१५. योजनाले लगानी गर्ने क्षेत्र :

यस योजनाले सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३४ र ३६ मा भएको व्यवस्था बमोजिम लगानीको सीमा पालना गर्नेछ ।

नियम ३४ मा भएको व्यवस्था बमोजिम योजनाले गर्न सक्ने लगानीका क्षेत्रहरु निम्न बमोजिम हुनेछन् :

(क) बोर्डमा दर्ता भएको धितोपत्र
(ख) सार्वजनिक निष्काशन भएको धितोपत्र
(ग) धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्र
(घ) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु
(ङ) बैंक निक्षेप
(च) मुद्रा बजार उपकरण
(छ) बोर्डले तोकिदिएको अन्य क्षेत्र
(ज) नेपाल धितोपत्र बोर्डको नियमावली संशोधन भएमा सो समेत उपरोक्तानुसार उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्येनजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई नियमावलीले तोकेको सिमा भित्र रहि अन्य क्षेत्रमा सार्न सकिनेछ ।

नियम ३६ मा भएको व्यवस्था बमोजिम योजनाले देहायको सीमाभित्र रही लगानी गर्नेछ :

(१) योजना व्यवस्थापकले प्रत्येक योजनाको रकम लगानी गर्दा देहाय बमोजिमको सीमाभित्र रही लगानी गरिनेछ ।
(क) कुनै एक संगठित संस्थाको साधारण शेयरमा त्यस्तो संस्थाको कुल चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी नहुने गरी, तर संगठित संस्थाको कूल साधारण शेयरमा योजनाको आकारको कमतीमा २० प्रतिशत लगानी योजना अवधिभर कायम राखिनेछ ।
(ख) कुनै एक संगठित संस्थाले निष्काशन गरेको अग्राधिकार शेयर र डिबेञ्चरको २० प्रतिशत भन्दा बढी नहुने गरी लगानी गरिनेछ ।
(ग) कुनै एक संगठित संस्थाको धितोपत्रमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १० प्रतिशत भन्दा बढी नहुने गरी लगानी गरिनेछ ।
(घ) अन्य सामूहिक लगानी कोष अन्तर्गतको योजनामा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १० प्रतिशत भन्दा बढी नहुने गरी लगानी गरिनेछ ।
(ङ) बैंकको मुद्दती निक्षेपमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १५ प्रतिशत भन्दा बढी नहुने गरी निक्षेप जम्मा गरिनेछ तर, योजनाको निर्धारित अवधि समाप्त हुनुभन्दा बढीमा ६ महिना अगाडि देखि बैंकको मुद्दती निक्षेप राख्न यो व्यवस्थाले वाधा पर्नेछैन ।
(च) मुद्रा बजार उपकरणमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी लगानी गरिनेछ ।
(२) एउटा सामूहिक लगानी कोष अन्तर्गत संचालित अन्य योजनाको धितोपत्र वा सो कोषको कोष प्रवर्द्धक वा डिपोजिटरीले जारी गरेको धितोपत्रमा लगानी गरिने छैन ।

नोटः यस योजनाले माथी उल्लेखित सीमा भित्र रहि लगानी गर्नेछ ।

योजनाको लगानीमा Conflict of Interest व्यवस्थापन :

- योजनाको लगानीमा स्वार्थको द्वन्द व्यवस्थापन गर्न यस योजनाको लागि छुट्टै योजना अधिकृत (Scheme Manager) तोकिनेछ ।
- प्रत्येक योजनाहरुका लागि छुट्टाछुट्टै लेखापरीक्षक नियुक्ति गरिने र सोही बमोजिम हरेक योजनाको आर्थिक वर्ष समाप्त भए पश्चात् तोकिएको लेखापरीक्षकबाट लेखापरीक्षण गरिनेछ र सो को निम्ति योजनासँग सम्बन्धित हिसाबहरु जस्तै वासलात, नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरणहरु सामूहिक लगानी कोषसँग सम्बन्धित सफ्टवेयरमा छुट्टाछुट्टै राखिनेछ ।

साथै, हरेक योजनाको निम्ति छुट्टाछुट्टै डिम्याट खाता तथा बैंक खाताहरु सञ्चालन गरिनेछ र कारोवारबाट प्राप्त नगद सिधै एकाउण्टपेयी चेक मार्फत प्रत्येक योजनाको खातामा सिधै जम्मा गर्ने व्यवस्था समेत मिलाइनेछ । प्रत्येक योजनाको हरेक कामकारवाहीको विवरण मासिक रुपमा कोष सुपरिवेक्षक समक्ष पेश गर्ने र प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम योजनाहरुको छुट्टाछुट्टै मासिक विवरणहरु समेत सम्बन्धित इकाईधनीहरु तथा लगानीकर्ताहरुको जानकारीका लागि प्रकाशन समेत गरिने जस्ता व्यवस्थाहरु मिलाईएको हुँदा यस लिमिटेडबाट संचालित योजनाहरु बीच Conflict of Interest रहने छैन् ।

१६. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था :

(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :

सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा २३ बमोजिम प्रति इकाई खुद सम्पत्ति मूल्य (नेट एसेट भ्यालु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खुद सम्पत्ति मूल्य कायम गरिनेछ । खुद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

$$\text{प्रति इकाई खुद सम्पत्ति मूल्य} = \frac{(\text{लगानी मूल्य}) + (\text{प्रतिफल}) + (\text{अन्य आय}) - \text{दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च}}{\text{कुल इकाई संख्या}}$$

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :

योजना बिक्री बन्द भएको ३० दिन भित्र योजना व्यवस्थापकले पहिलो पटक खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य गणना गरी योजना व्यवस्थापकको वेवसाईट www.reliablecapital.com.np मा सार्वजनिक गरिनेछ । साथै योजना व्यवस्थापकले योजनाले धितोपत्रमा गरेको लगानीको संख्या, लगानी गरेको धितोपत्रहरुको बजार मूल्य, योजनाको आम्दानी तथा खर्चहरु, योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य र सो गणनाको आधार आदी सम्बन्धी विवरणहरु प्रत्येक नेपाली महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरिवेक्षक र बोर्डलाई जानकारी गराई आफ्नो वेबसाईटमा समेत राख्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादनको विवरण सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

१७. प्रति इकाई खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण:

प्रति इकाई खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण प्रति इकाई खुद सम्पत्ति मूल्यको गणना सम्बन्धी विवरण

(रकम रु. हजारमा)

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
कुल इकाई	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००
लगानी	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००	१,०००,०००
धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरू										
व्यापार	२१,८९८	६०,८८०	८७,१२२	१०९,३६६	१३२,३३५	१५७,४६९	१८५,३९१	२१६,३९१	२५०,८०५	२८८,९६६
दीर्घकालीन पूँजीगत लाभ	१०९,०००	२७७,३०३	३६२,०७९	४२३,८७१	४८७,४१७	५५६,९५५	६३४,२०७	७१९,९७१	८१५,१८५	९५१,३३१
लाभांश आम्दानी	१२७,८९२	३२३,२००	४१८,५६५	४८६,७४०	५५६,८५२	६३३,५७४	७१८,८०७	८१३,४३२	९१८,४८३	१,०५१,०४०
प्राथमिक/हकप्रद शेयर	५,९३८	१४,८४४	२३,७५०	२९,६८८	३५,६२५	४१,५६३	४७,५००	५३,४३८	५९,३७५	५९,३७५
स्थिर आयबाट प्राप्त हुने धितोपत्रहरु	-	-	-	-	-	-	-	-	-	-
डिबेन्चर र प्राथमिक शेयरहरू	४५,०००	१०५,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००
मुद्दती खाता	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००	१५०,०००
चल्ती खाता	६१८,२८८	२८७,३६७	१७६,०५९	१६७,७८०	१६५,४५५	१६३,२६८	१५८,३७३	१५०,६०७	१३९,६५१	२९५,५९६
अन्य चालु सम्पत्तिहरू	१०,१०६	१५,८०२	१६,९२१	१७,४०८	१८,८२४	२०,६४२	२२,५९६	२४,७६६	२७,१६९	४८,५२२
चालु दायित्वहरू	-	-	-	-	-	-	-	-	-	-
कुल सम्पत्ति	१,०८८,१२१	१,२३४,४६७	१,३८४,४९६	१,५३४,८५३	१,६९६,५०९	१,८७३,४७२	२,०६६,८७३	२,२७८,६०३	२,५१०,६६९	२,९९४,८३०
कोष व्यवस्थापन शुल्क	४,०८०	४,६२९	५,१९२	५,७५६	६,३६२	७,०२६	७,७५१	८,५४५	९,४१५	११,२३१
डिपोजिटरी शुल्क	५४४	६१७	६९२	७६७	८४८	९३७	१,०३३	१,१३९	१,२५५	१,४९७
कोष सुपरिवेक्षक शुल्क	२७२	३०९	३४६	३८४	४२४	४६८	५१७	५७०	६२८	७४९
खुद सम्पत्ति मूल्य	१,०८३,२२५	१,२२८,९१२	१,३७८,२६६	१,५२७,९४६	१,६८८,८७५	१,८६५,०४१	२,०५७,५७३	२,२६८,३५०	२,४९९,३७१	२,९८१,३५४
प्रति इकाई खुद सम्पत्ति मूल्य	१०.८३	१२.२९	१३.७८	१५.२८	१६.८९	१८.६५	२०.५८	२२.६८	२४.९९	२९.८१
लाभांश वितरण पश्चात प्रति इकाई खुद सम्पत्ति मूल्य	१०.८३	११.२९	१२.७८	१४.०८	१५.६९	१७.४५	१९.०८	२१.१८	२३.४९	२९.८१
प्रस्तावित लाभांश	-	१००,०००	१००,०००	१२०,०००	१२०,०००	१२०,०००	१५०,०००	१५०,०००	१५०,०००	-
प्रति इकाई लाभांश मूल्य	-	१.००	१.००	१.००	१.२०	१.२०	१.५	१.५	१.५	-
प्रारम्भिक लगानीमा वार्षिक प्रतिफल	८.३२%	११.४५%	१२.६१%	१३.२०%	१३.७८%	१४.४२%	१५.११%	१५.८५%	१६.६६%	१९.८१%
वार्षिक प्रतिफल	८.३२%	१३.४५%	१२.१५%	१०.८६%	१०.५३%	१०.४३%	१०.३२%	१०.२४%	१०.१८%	१९.२८%

वित्तीय अनुपात गणना सम्बन्धी विवरण

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
प्रति इकाई खुद सम्पत्ति मूल्य	१०.८३	१२.२९	१३.७८	१५.२८	१६.८९	१८.६५	२०.५८	२२.६८	२४.९९	२९.८१
लाभांश प्रतिशत	-	१०.००%	१०.००%	१२.००%	१२.००%	१२.००%	१५.००%	१५.००%	१५.००%	-
वार्षिक लगानीमा प्रतिफल (ROI)	८.३२%	१३.४५%	१२.१५%	१०.८६%	१०.५३%	१०.४३%	१०.३२%	१०.२४%	१०.१८%	१९.२८%
प्रारम्भिक लगानीमा प्रतिफल	८.३२%	११.४५%	१२.६१%	१३.२०%	१३.७८%	१४.४२%	१५.११%	१५.८५%	१६.६६%	१९.८१%

योजना व्यवस्थापकले तयार गरेको माथिको प्रक्षेपण चार्टर्ड एकाउण्टेण्ट संस्था एम.बिष्ट एण्ड एशोसिएट्स् चार्टर्ड एकाउण्टेण्टसबाट प्रमाणित भएको छ ।

१८. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकता अनुसार सञ्चित मुनाफा (Retained Earning) पूनः लगानी गरिनेछ ।

१९. लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था :

नेपाल सरकारले तोकेको प्रचलित कानून बमोजिमको कर सम्वन्धि ब्यवस्था लागु हुनेछ ।

२०. योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) सामान्य जोखिम तत्वहरु :

(१) **सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :**
सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा:**
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानी मध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) **कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकको विगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा:**
योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्य सम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

(४) **कोष प्रवर्द्धकले योजनाको कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :**
योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन ।

(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :**
यस योजना अन्तर्गत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :**
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा नगद लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य वृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिइनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्न सक्नेछ । लाभांश वितरण गर्ने अवस्थामा खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसकने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष लाभांश दिने सुनिश्चितता भने हुदैन ।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरिने पद्दति आदिले असर पार्ने सम्बन्धमा :**
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरिद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरिद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने व्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse relation) हुने हुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :**
यस योजनासंग आवद्ध कोष प्रवर्द्धक तथा यस योजना संचालन गर्ने योजना व्यवस्थापकको रेटिङ्ग श्री केयर रेटिङ्ग नेपाल लिमिटेडबाट भएको छ । उक्त रेटिङ्ग कम्पनीले कुनै समयको विवरणको आधारमा रेटिङ्ग गर्ने हुँदा उक्त समयमा दिइएको रायले योजनाको खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता गर्दैन ।

(४) **व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :**
योजनाको कुल रकम मध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने व्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्यांकन (Valuation) प्रचलित व्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्यांकनमा समेत परिवर्तन हुन्छ ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :**
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँड गर्ने, नेपाल स्टक एक्सचेञ्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवार व्यवस्था गराउने, सूचीकरण/अभीतिकीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) **इक्विटि फण्ड सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :**
योजनाले इक्विटि फण्डमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुवै किसिमका जोखिमहरु अन्तर्निहित रहेका हुन्छन् ।

(७) **ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :**
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्न सक्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन ।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने:**
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने विषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रास्फीती भएमा आदि बारे :**
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतारचढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) **पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुनर्लगानी जोखिम बारे खुलाउने :**
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गर्न सकिनेछ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) **योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारका जोखिम वहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :**
योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

(१२) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :**
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१३) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :**
योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

(१४) **योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :**
योजनाको कार्यसम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

(१५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :** योजनाका इकाईहरुको निष्काशन तथा बिक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी समयसापेक्ष हिसाबले सोचेभन्दा बढी जोखिम भएको लगानीलाई यथासक्दो चाँडो बिक्री गरी सो बाट संकलित रकम अन्य सोचे अनुरुपको जोखिम भएका उपकरणहरुमा लगानी गरिनेछ ।
(२) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा बोर्डले लगानीका लागि तोकेको उपकरणहरुको एक आन्तरिक रेटिङ्ग गरिनेछ जसको आधारमा मात्र योजना व्यवस्थापकले सुसूचित हिसाबले लगानीको निर्णय गरिने प्रकृयाको विकास गरिनेछ ।
(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा अनुसन्धान विभागबाट प्राप्त आधारभूत विश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) को आधारमा बजारको अवस्था हेरी पर्याप्त विश्लेषण गरेर लगानी सम्बन्धी निर्णय गरिनेछ ।
(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।
(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयानुचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप क्षेत्रगत लगानीका अवसरहरुको निरन्तर अध्ययन अनुसन्धान अनुसन्धान विभागबाट गरिनेछ र सो को आधारमा लगानी विविधिकरण गरिनेछ ।
(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ ।
(७) लगानी तथा जोखिम व्यवस्थापनका लागि म्युचुअल फण्ड सफ्टवेयरको समेत उपयोग गर्ने व्यवस्था गरिएको छ र लगानीलाई निरन्तर अनुगमन गरी प्रमुख संचालन अधिकृतको संयोजकत्वमा गठित लगानी समिति, स्वतन्त्र संचालकको संयोजकत्वमा जोखिम तथा लगानी व्यवस्थापन समिति र समय समयमा संचालक समितिमा छलफल गरी लगानी सम्बन्धी निर्णय गर्ने र आवश्यकता अनुसार पूनरावलोकन गर्ने व्यवस्था गरिएको छ ।

२१. इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

१. योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
२. बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ ।
३. यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
४. इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँड गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।
५. धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ को उपनियम ७ को व्यवस्था बमोजिम इकाईको बाँडफाँड अभौतिकरुपमा मात्र गरिनेछ । इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम हुनेछ ।
६. यस योजनाका इकाई नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सुचीकरण गरी दोस्रो बजारमा कारोवारको व्यवस्था गरिनेछ ।

२२. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरुः

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले स्वीकृत विवरण पुस्तिका मार्फत जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२. इकाईको बाँडफाँड गरी बाँडफाँड भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको इकाई निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।
३. रु.५,००,०००/- सम्म आवेदन गर्ने आवेदकहरुले स्वेच्छिक रुपमा र रु.५,००,०००/- भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकहरुले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ । रु.५,००,०००/- भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भन्ने उद्घोषण समेत गर्नुपर्नेछ ।
४. इकाईधनीले आफूले खरिद गरेको योजनाको इकाई प्राप्त गर्ने, योजनाको कार्य प्रगति सम्बन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको सञ्चालन तथा खारेजी सम्बन्धी आफ्नो मत राख्ने, योजना सम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईधनीलाई प्राप्त हुँदैन ।
५. योजनाको निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापक तथा बिक्री प्रबन्धकको कार्यालयमा सम्पर्क राखि हेर्न सकिनेछ । यस विवरण पुस्तिका मार्फत निष्काशन गरिने इकाईको लागि न्यूनतम १०० इकाई तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा कुल निष्काशनको १०% अर्थात अधिकतम १,००,००,००० इकाई सम्मका लागि आवेदन दिन सकनेछ ।
६. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण इकाईहरुको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा सम्पूर्ण आवेदनलाई रद्द गरिनेछ । साथै लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलेको हुनुपर्नेछ साथै नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट सि-आस्वा (C-ASBA) प्रणाली तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।
७. आवेदकहरुले आवेदन दिँदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुँदैन ।
८. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।
९. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१०. बिक्री प्रस्तावमा उल्लेख गरिएका वाहेक अरु कसैले पनि योजनाबारे विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न पाइने छैन् ।
११. लगानीकर्ताहरुले योजनामा लगानी गर्नु अघि यस विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ ।

२३. विवरण पुस्तिका तथा दरखास्त प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु

क्र.सं	विवरण पुस्तिका प्राप्त गर्ने संस्थाको नाम र ठेगाना
१.	सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ, वेबसाइट : www.sanima.capital र फोन नं. ०१-४५४०५०८
२.	रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड, का.म.न.पा-०४, बालुवाटार, काठमाण्डौको वेबसाइट : www.reliablecapital.com.np र फोन नं. ०१-५९१९४१०
३.	कोष प्रवर्द्धक रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौ, वेबसाइट www.reliablelife.com र फोन नं. ०१-४५२३६१८
४.	नेपाल धितोपत्र बोर्डको वेबसाइटः http://sebon.gov.np/prospectus बाट Download गरेर हेर्न सकिने ।
	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सिआस्वा (C-ASBA) प्रणाली मार्फत वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२४. ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

यस विवरण-पुस्तिकाद्वारा निष्काशन गरिएको इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ । आवश्यकता भन्दा बढी इकाईको लागि आवेदन पर्न आएमा कुनै पनि बखत इकाईहरुको बिक्री बन्द गर्न सकिनेछ । तर विवरण पुस्तिकामा गरिएको व्यवस्था अनुसार ४ कार्य दिन भन्दा अगाडी इकाई खरिदको आवेदन लिने कार्य बन्द गरिने छैन ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :

योजना निष्काशनका वखत उत्पन्न हुन सक्ने गुनासाहरुलाई सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्था तथा निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै निष्काशन तथा विक्री प्रबन्धकको कार्यालयले योजना निष्काशनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि उक्त संस्थाका मर्चेन्ट बैंकिङ्ग प्रमुख रश्मी रिजालालई अनुपालना अधिकृतको रुपमा नियुक्त गरेको छ । अनुपालना अधिकृतले प्राप्त गुनासोहरु सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसकेको तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म निष्काशन तथा विक्री प्रबन्धकले र सम्भव नभएमा योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षक समक्ष राखी सोको समाधान गरिनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुभाव प्रेशित गर्न सक्नेछन्ः फोन नं. ०१४५४०५०८ र E-mail: sanimacapital@sanimabank.com

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

Sanima Capital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
सानिमा क्यापिटल लिमिटेड

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ,
फोन नं. ०१- ४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com
Website: www.sanimacapital.com